## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: १३-२०८१/०८२

मिति २०८२/०१/०९ गते मंगलबार                                        समय: दिनको २:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित उपस्थिती:**

श्री कृष्ण प्रसाद भट्ट     (वन अधिकृत, सव.डिभिजन वन कार्यालय देवघाट)

अन्य उपस्थिति

श्री कुनिमाया थापा (वा. ५)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

**मितिः २०८२/०१/०९** **बैठक संख्याः १३-२०८१/०८२**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।

२. गण्डकी प्रदेश नीति तथा योजना आयोगमा योजना माग सम्बन्धमा।

३. अन्य विविध।

**निर्णयहरुः**

**निर्णय नं.१** : प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयन प्रकृयामा गएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई नियमानुसार कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २**: प्रस्ताव नं. २ माथि छलफल गर्दा गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराको मिति २०८१/१२/१३ प.सं. २०८१/०८२ च.नं. ४९४ को पत्र अनुसार आर्थिक वर्ष २०८२/८३ को लागि विशेष र समपूरक अनुदान अन्तर्गत तपसिल अनुसारको योजनाहरु आयोगमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**<u>तपसिलः</u>**

अ) विशेष अनुदान तर्फः

क. वाटक खोला कल्वर्ट निर्माण योजना, देवघाट-३, तनहुँ

ख. बेसारघारी नरम खानेपानी योजना, देवघाट-२, तनहुँ

ग. भुवनटार वस्ती संरक्षण (नदी तटवन्द) योजना, देवघाट-५, तनहुँ

आ)समपूरक अनुदान तर्फः

क. सिञ्च्याङ् आमडाँडा खानेपानी योजना, देवघाट-४, तनहुँ

ख. महेश आश्रम देखि देउपुर चौकसम्म कालोपत्रे तथा नाला निर्माण योजना, देवघाट-५, तनहुँ

ग. प्रहरी चौकी देखि तल्लो पट्टि मुख्य सडक कालोपत्रे योजना, देवघाट-५, तनहुँ

**निर्णय नं.३** : प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहायबमोजिम निर्णयहरु गरियो।

क. यस देवघाट गाउँपालिकाले ठेक्का नं. NCB/DRM/GOODS/16/2081/082 चाँपखोला बगर क्षेत्र र ठेक्का नं. NCB/DRM/GOODS/17/2081/082 क्वादी खोला क्षेत्र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा व्यवस्थापन कार्यको लागि ठेक्का आह्वान गरिएकोमा सब डिभिजन वन कार्यालय, देवघाटको मिति २०८२/०१/०३ को पत्र अनुसार निर्माण व्यवसायीले पनि वन क्षेत्रको कारण देखाई डिभिजन वन कार्यालयको अनुमति पत्रको आवश्यकता देखिएको अन्यथा सो ठेक्कामा संलग्न हुन नसकिने व्यहोरा जनाई निवेदन दिएकोले उक्त फर्मको सम्झौता गर्न आउने म्याद ७ दिन थप गरी उक्त खोला क्षेत्रहरुको IEE प्रतिवेदन, सव डिभिजन वन कार्यालयको पत्र र कार्यपालिकाको निर्णय सहित डिभिजन वन कार्यालयमा सहमतिको लागि पत्र लेखी पठाउने सर्वसम्मत निर्णय गरियो।

CamScanner

ख. तनहुँ जिल्ला, देवघाट गाउँपालिका वडा नं. ५ नेपालकै महत्वपूर्ण धार्मिक स्थलहरु मध्ये दामोदरकुण्डबाट वहने नदी कालिगण्डकी र गोसाइकुण्डबाट वहने नदी त्रिशुलीको संगम स्थल देवघाटधाममा पर्ने वेणी संगम यसका वरपरका क्षेत्र कल्पवास, मठमन्दिरहरु र आश्रमहरु जहाँ हिन्दु धर्मालम्बीहरुको अधिक बसोबास र यस क्षेत्रमा सामुदायिक विद्यालय (कक्षा १-१० विद्यार्थी संख्या करिव ८००) श्री बज्रयोगिनी माध्यमिक विद्यालय आर्थिक अभावको कारण भवन विद्यार्थी अनुपातमा कम भएको र भएको पनि जिर्ण अवस्थामा रहेको साथै यस क्षेत्रमा लगभग १४०० घरधुरी र जनसंख्या करिब ६००० साथै बढ्दो जनसंख्याको कारण यस क्षेत्रमा खानेपानीको अभाव भई रहेकोले उक्त बज्रयोगिनी माध्यमिक विद्यालय भवन निर्माणका लागि र खानेपानीका लागि घट्टेखोला घिनाटार सिंचाई तथा खानेपानी योजनाका लागि आवश्यक कागजात सहित भारतीय राजदुतावासमा योजना माग गर्नका लागि निवेदन पेश गर्ने गरी ५% लागत सहभागिता यस गाउँपालिकाले व्यहोर्ने प्रतिवद्धताका साथ तपसिल बमोजिमको लागत अनुमानको योजना माग गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| | |
|---|---|
| अ) घट्टेखोला घिनाटार सिंचाई तथा खानेपानी योजना | रु. ५,०४,२३,३०४.९७ |
| आ) बज्रयोगिनी मा.वि. विद्यालय भवन निर्माण योजना | रु. ५,८३,३६,७७१.६५ |
| **जम्मा** | **रु. १०,८७,६०,०७६.६२** |

ग. देवघाट गाउँपालिका अन्तर्गत तपसिल बमोजिमको ठेक्काहरुको म्याद २०८२-०३-१५ गते सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो।

अ) देवघाट गाउँपालिका ठेक्का नं. SQ/DRM/WORKS/11/2081/082, त्रिशुली नदी बाबा धारा नजिक त्रिशुली नदी कटान नियन्त्रण कार्यको लागि देवघाट गाउँपालिका र निर्माण व्यवसायी श्री सजअरो कन्स्ट्रक्सन प्रा.लि., देवघाट-५, तनहुँ बीच ठेक्क २०८२ बैशाख ३० गते भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा विविध कारण देखाई निर्माण व्यवसायीबाट सार्वजनिक खरिद नियमावली, २०६४ को चौथों संसोधन अनुसार ठेक्का म्याद थपको निवेदन प्राप्त भएकोले सो ठेक्काको २०८२ असार १५ गते सम्म थप गर्ने निर्णय गरियो।

आ) देवघाट गाउँपालिका ठेक्का नं. SQ/DRM/WORKS/14/2081/082, चाँपखोला जामुने मोटर मार्ग निर्माण कार्यको लागि देवघाट गाउँपालिका र निर्माण व्यवसायी श्री एन एण्ड आई निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि., देवघाट-५, तनहुँ बीच ठेक्क २०८२ बैशाख ३० गते भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा विविध कारण देखाई निर्माण व्यवसायीबाट सार्वजनिक खरिद नियमावली, २०६४ को चौथों संसोधन अनुसार ठेक्का म्याद थपको निवेदन प्राप्त भएकोले सो ठेक्काको २०८२ असार १५ गते सम्म थप गर्ने निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष

CamScanner